लोकप्रिय समाचार
हुलाक दर्ता नं: २६
सि.पा, जिल्ला हुलाक कार्यालय
२०८१ कार्तिक २१ गते बुधबा
2024 November 06 Wednes

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

## सिन्धुपाल्चोक

## बीउ आलु तथा आलु उत्पादनमा प्रयोग हुने कृषि सामाग्रीहरूको शिलबन्दी इकाई दररेट पेश गर्ने बारेको सूचना !

**सूचना नं. ३-२०८१/०८२** **सूचना प्रकाशन मितिः २०८१/०७/२१**

प्रधानन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई सिन्धुपाल्चोकको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम आलु सुपरजोन काभ्रेमा तोकिएका कार्यक्रम/क्रियाकलापहरू सञ्चालन गर्दा आवश्यक पर्ने बीउ आलु तथा आलु उत्पादनमा प्रयोग हुने कृषि सामाग्रीहरूमा कृषकहरूलाई अनुदान सहयोग प्रवाह गर्ने प्रयोजनार्थ कृषि सामाग्रीहरूको न्यूनतम इकाई दररेट कायम गर्नकोलागि यस कार्यालयमा सूचिकृत भएका/हुन चाहने आपूर्तिकर्ताहरूले कार्यालयको वेबसाईट : **https://www.piusindhupalchowk.pmamp.gov.np** बाट प्रस्तावित दररेट फाराम डाउनलोडगरी रित पूर्वक भरी तपशिल बमोजिम कागजातहरू संलग्न राखि परियोजना कार्यान्वयन एकाई, चौतारा, सिन्धुपाल्चोक वा सुपरजोन प्राविधिक एकाई, बनेपा काभ्रेमा मिति २०८१/०८/०५ गते कार्यालय समय भित्र शिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने आवश्यक कागजात तथा शर्तहरू :**

१. रितपूर्वक भरेको प्रस्तावित इकाई दररेट फाराम साथ फर्म/कम्पनी/सहकारी/समूह/संस्था दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि

२.स्थायी लेखा नं./मूल्य अभिबृद्बिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.ब.को करचुक्ता (म्याद समेत) प्रमाणपत्रको प्रतिलिपि।

३.बीउ आलु आपूर्तिकोलागि : पि.ब्रि.एस. दानाकोलागि बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट प्राप्त अनुमतिपत्रको प्रतिलिपि तथा अन्य पुस्ताको बीउ आपूर्तिकोलागि बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र/कृषि विकास कार्यालय (कृषि ज्ञानकेन्द्र) बाट प्राप्त बीउ बिजन ब्यवसायी अनुमति पत्रको प्रतिलिपि।

४.आपूर्तिगर्ने प्रस्तावित कृषि सामाग्रीहरूको स्पेशिफिकेसन खुल्ने फोटो, लेबल, catalogue, brochure आदि।

५.बीउ आलुमा अनिवार्य रूपमा लेबलिङ्ग गरेको हुनुपर्नेछ।

६.आपूर्तिगरेको कृषि सामाग्री तोकिएको गुणस्तर नभएको वा गुणस्तरहिन सामाग्री प्रयोगको कारणले कृषकहरूलाई क्षति हुन गएमा आपूर्तिकर्ता स्वयं जिम्मेवार हुनुपर्नेछ तसर्थ सम्पूर्ण सामाग्रीहरूको गुणस्तर यकिन गरिमात्र प्रस्ताव गर्नुहुन जानकारी गराईन्छ।

७.प्रस्तावित इकाई मूल्य दररेट आ.ब. २०८१/०८२ अवधिकोलागि एउटै हुनेछ।

८.दररेट स्वीकृत भएमा आपूर्तिकर्ताले सामाग्री आपूर्ति नगरी कृषकहरूलाई बिल बिजक जारी गर्न पाइनेछैन, सो गरेको पाईएमा कानून बमोजिम कारवाही भोग्नुपर्नेछ।

९.प्रस्ताव गरेका सम्पूर्ण कृषि सामाग्रीहरू/परिमाणमा विक्री वितरण नहुनपनि सक्नेछन किनकी लाभग्राही कृषकहरूको माँग र खरिद ईच्छा बमोजिम आपूर्तिहुनेछ।

१०.प्रस्तावित इकाई दररेट स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

**थप जानकारी चाहिएमा :**

सम्पर्क नं :०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२४४९ (काभ्रे), जय बहादुर महत्रा (कृषि अधिकृत) :९८५१२००१२५
शृणुकुमारी झा (कृषि अधिकृत) :९८६०६४५६०१ **email** : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np